**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं.

मिति:

मिति: २०८२/०५/२६

केन्द्रीय कार्यसमिति
(२०८२-२०८५)

अध्यक्ष
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

उपाध्यक्ष
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

महासचिव
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

कोषाध्यक्ष
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

सचिव
अधिवक्ता बाबुराम अर्याल

सदस्यहरु
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

श्री सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपति कार्यालय,
महाराजगञ्ज, काठमाडौं ।

विषय: वर्तमान राष्ट्रिय संकटको निकास तथा तत्काल राष्ट्रिय सरकार गठन सम्बन्धमा ।

सम्माननीयज्यू,

नेपाल बार एसोसिएसन नेपालको संवैधानिक सर्वोच्चता, विधिको शासन तथा लोकतान्त्रिक मूल्य-मान्यताको प्रवर्धन र संरक्षणमा निरन्तर क्रियाशील रहेको सर्वविदितै छ। आज हामी निकै नै अत्यन्त गम्भीर अवस्थामा पुग्न गएको कटु यथार्थप्रति सम्माननीय राष्ट्रपतिज्यूको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं। युवा पुस्ताको परिवर्तन प्रतिको चाहना र भ्रस्ट्राचार विरुद्ध एवं राजनीतिमा पुस्तान्तरण हुनु पर्ने माग प्रति हाम्रो ऐक्यवद्धता रहेको स्पस्ट गर्न चाहन्छौं ।

युवा पुस्ताको आन्दोलनमा भएको घुसपैठको कारणले हुन गएको धनजनको क्षतिप्रति हामी दू:खी छौँ र त्यस क्रममा मृत्युवरण गर्नुभएका सवै प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौँ । वर्तमान अवस्थामा देखिएका राजनीतिक तथा संवैधानिक जटिलताहरूले देशलाई गहिरो संकटतर्फ धकेलिरहेको हामीले महसुस गरेका छौं। यसबाट लोकतन्त्र, गणतन्त्र र संघीयता जस्ता स्थापित संवैधानिक उपलब्धिहरूमाथि समेत प्रश्नचिह्न खडा हुने जोखिम बढेको छ। नेपालको संविधानको पालना गर्दै सवै समस्याहरूको समाधान संवैधानिक दायरा भित्रै खोजिनुपर्छ भन्ने हाम्रो दृढ मान्यता रहेको छ। युवा पुस्ताको मागलाई सम्वोधन गर्न र लोकतन्त्रको रक्षाको लागि सम्माननीय समक्ष तत्काल निम्न वमोजिमको कदम चाल्नु पर्दछ भन्ने हाम्रो स्पष्ट दृष्टिकोण रहेको छ ।

१. संविधान सभाले बनाएको संविधान मौजुदा रहेको, प्रतिनिधि सभा सहितको संघीय संसद क्रियाशील नै रहेको र आन्दोलनकारी शक्तिको माग समेत संविधान र व्यवस्थाको परिवर्तन नभएको स्थापित तथ्य रहेको परिप्रेक्षमा संवैधानिक संरचनाहरूको यथावत क्रियाशीलताको लागि सम्माननीय ज्युबाट यथाशक्य संवैधानिक कर्तव्य निर्वाहकोलागि हार्दिक अनुरोध गर्दछौँ ।

२. आन्दोलनकारी शक्तिहरू सरकार परिवर्तनको इच्छा राखेको र अहिले सरकार परिवर्तनको प्रक्रिया प्रारम्भ भई सकेको परिप्रेक्षमा संविधानको धारा ७६, ७७, र ७८ र धारा ६१ को मर्म र भावना भित्र रहेर संवैधानिक वैधताको निरन्तरता कायम रहने गरि अविलम्ब रास्ट्रिय सरकार गठन गर्न सकिने भएकोले सो वमोजिमको प्रक्रिया शिघ्रातिशिघ्र प्रारम्भ गर्न हार्दिक अपिल गर्दछौँ ।

३. संवैधानिक सर्वोच्चता, विधिको शासन र स्वतन्त्र न्यापालिकको पक्षधर अग्रणी नागरिक संस्था हुनुको कारणले संवैधानिक वैधता र नेपाल पक्ष राष्ट्र भएका अन्तरराष्ट्रिय सन्धि सम्झौता र लोकतान्त्रिक मूल्यमान्यता विपरितका कुनै पनि प्रक्रिया नेपाल बार एशोसिएशनलाई मान्य नहुने र ति मूल्य मान्यता विपरित कार्य भएमा प्रतिरोध गर्न वाध्य हुने सविनय अनुरोध गर्दछौँ ।

४. देशमा व्याप्त अनिश्चिततालाई अन्त्य गर्दै शासन व्यवस्थालाई सुचारु बनाउन र जनतामा विश्वास जगाउनका लागि संविधानको मर्म भित्रै रहि संवैधानिक प्रकृया बमोजिम नै यथाशीघ्र एक सक्षम राष्ट्रिय सरकारको गठन तत्कालै गरियोस् ।

५. कुनै पनि बहानामा लोकतन्त्र, गणतन्त्र, संघीयता, समानुपातिक समावेशि जस्ता लामो संघर्षबाट नेपाली जनताले प्राप्त गरेका र संविधानमा लिपिबद्ध भएका मूलभूत उपलब्धिहरू माथि कुनै पनि किसिमको सम्झौता गरिनु हुँदैन। यी राष्ट्रिय पहिचानका आधारस्तम्भको रक्षा राष्ट्र प्रमुखको रुपमा सम्माननीय राष्ट्रपति ज्यूबाट राघ्र हार्दिक अनुरोध गर्न चाहन्छौ ।

CamScanner

# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np


प.सं.

मिति:

६. सुशासनयुक्त र भ्रष्टाचारमुक्त शासन व्यवस्था जेनजी (युवा पुस्ता) को आधारभूत माँग हो। यो जायज माँग यदि भूराजनीतिको चपेटमा पर्न गयो भने Gen Z को जायज माँग मात्र नभइ सम्पूर्ण देश सदाका लागि अन्धकार तर्फ जानुको साथै सार्वभौमसत्तामा आँच आउने अवस्था पैदा हुन्छ । तसर्थ, बाह्य शक्तिको चलखेललाई बढावा दिन सक्ने र गैर नागरिक सरकार गठन हुने खतरा प्रति पनि सजग रहन सम्माननीयज्यू समक्ष हार्दिक अनुरोध गर्न चाहन्छौं ।

अतः, देशलाई अझ गम्भीर संकटमा जानबाट जोगाउन, संविधानको रक्षा गर्न, नेपाली जनता बलिदानले प्राप्त संविधानसभाबाट निर्मित गणतान्त्रिक संघीय समावेशी संविधानलाई जीवन्त राख्न, र वर्तमानको अवस्थामा उत्पन्न हुन भएको संकटको निकास संवैधानिक मान्यता भित्रै खोज्नका लागि सम्माननीय राष्ट्रपतिज्यूबाट संवैधानिक संरक्षकको भूमिका निर्वाह गर्दै तत्काल आवश्यक कदम चालियोस् भनी नेपाल बार एसोसिएसन हार्दिक अपिल गर्दछ।

हामी आशा र विश्वास व्यक्त गर्दछौं कि सम्माननीयज्यूको पृष्ठभूमि, योगदान र संवैधानिक कर्तव्य विपरितका कुनै कार्यहरु यहाँलाई स्वीकार्य हुने छैनन् ।

धन्यवाद ज्ञापन सहित।

भवदीय,

वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइराला
महासचिव
नेपाल बार एसोसिएसन

वरिष्ठ अधिवक्ता प्रा.डा. विजय प्रसाद मिश्र
अध्यक्ष
नेपाल बार एसोसिएसन


केन्द्रीय कार्यसमिति
(२०८२-२०८४)

अध्यक्ष
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

उपाध्यक्ष
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

महासचिव
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

कोषाध्यक्ष
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

सचिव
अधिवक्ता बाबुराम अर्याल

सदस्यहरु
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी


CamScanner